भाग २  खण्ड ३ संख्या ५ मितिः२१/०४/२०७६

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३ संख्याः५ मितिः२१./०४/२०७६

भाग-१

रघुगंगा गाउँपालिका

## सामुदायिक वन साझेदारी कार्यक्रम कार्यविधि, २०७६

# "सामुदायिक वन साझेदारी कार्यक्रम कार्यविधि, २०७६"

## प्रस्तावना

यस गाउँपालिका क्षेत्रमा रहेको सम्पुर्ण वनक्षेत्र सामुदायिक वन उपभोक्ता समुह र कबुलियती वन समुह जस्ता संघ संस्थाहरुलाई वन संरक्षण,संवर्द्धन र सदुपयोगको जिम्मेवारी दिंदै उक्त संस्थाहरुको संचालनको लागि राष्ट्यि निति तथा कार्यक्रम एवं गुरुयोजनाको मापदण्ड अनुसार विधान कार्ययोजनाको स्वीकृति गर्दै प्राविधिक सहयोग,समन्वय,सहजीकरण तथा नियमन कार्य सरकारी वन कार्यालयले गर्दै आएको छ ।

नेपालको संविधानको अनुसुची- ९ मा उल्लेखित संघ ,प्रदेश र स्थानीय कावा तहको साझा अधिकार सुची अनुसार वनक्षेत्रको संरक्षण,संवर्द्धन र सदुपयोगको निति कार्यक्रम योजना र सोको न्वयन , सम्बन्धित निकायहरु सँगको समन्वय सहकार्य र साझेदारीको माध्यमबाट संचालन गर्नु स्थानीय तहको अधिकार तथा कर्तव्य रहने कुरा नै संविधान प्रद्वत्त अधिकारको मुल ध्येय रहेको छ । सामुदायिक वनका स्वीकृत कार्ययोजनाको उद्देश्य अनुसार प्रत्येक उपभोक्ताहरु बाट उठाइने वार्षिक शुल्क र वन पैदावारको सदुपयोगबाट प्राप्त आयलाई समुह संचालन र व्यवस्थापन खर्च बाहेक पुर्वाधार विकास,वन संरक्षण तथा विकास र गरिवि निवारणमा योजना तय गरी सोही अनुसारका कार्य सामुदायिक वन उपभोक्ता समुहले संचालन गर्दै आएका छन् । सामुदायिक वन समुहले संचालन गर्ने योजनाहरु प्राप्त आयश्रोतबाट सम्पन्न र सफल हुन नसक्ने अवस्थामा नजिकका सा.व.हरु एक आपसमा साझेदारी गर्न तथा यस गाउँपालिका भित्रका एक वा सो भन्दा बढी सामुदायिक वन उपभोक्ता समुहसँग गाउंकार्यपालिकाले साझेदारी गरी यस गाउँपालिकाको भौतिक पुर्वाधार , वन विकास र गरिबि निवारणको एकीकृत गुरुयोजनालाई प्रक्षेपण गर्दा यहाँको समग्र विकासले गति लिने तथ्यलाई ठहर गर्दै यसको कार्यान्वयन गर्न पारदर्सि तथा सहकार्यवोध हुने विधि बनाउन वाञ्छनीय भएकाले यो "**सामुदायिक वन साझेदारी कार्यक्रम कार्यविधि, २०७६**" जारी गरिएको छ ।

## परिच्छेद -एक

### संक्षिप्त नाम र प्रारम्भ

१.१) यो कार्यविधिको नाम "सामुदायिक वन साझेदारी कार्यक्रम कार्यविधि २०७५" रहेको छ ।

१.२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृती भएको मितिबाट लागु हुनेछ ।

१.३) यो कार्यविधि गाउँकार्यपालिकाको कार्यालय ,शाखाहरु ,यस गा.पा. का वडा कार्यालयहरु र यस गाउँपालिका भित्रका सबै सामुदायिक वन उपभोक्ता समुहहरुको हकमा मात्र लागु हुनेछ ।

## परिच्छेद -दुई

### परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

२.१)  "गाउँकार्यपालिकाको कार्यालय" भन्नाले रघुगंगा गाउँकार्यपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

२.२)  "शाखाहरु" भन्नाले यस  गाउँकार्यपालिका कार्यालय अन्तर्गतका शिक्षा शाखा , स्वास्थ्य शाखा , कृषि शाखा , पशु सेवा शाखा , प्राविधिक शाखा , सुचना तथा प्रविधि शाखा लाई सम्झनु पर्दछ ।

२.३)  "विषयगत समिति" भन्नाले गाउँकार्यपालिकाको वन तथा वातावरण विपद व्यवस्थापन विषयगत समितिलाई सम्झनु पर्दछ ।

२.४) "सरकारी निकाय" भन्नाले म्याग्दीमा रहेको वन डिभिजन कार्यालय र यस गा.पा.मा रहेको वन सव डिभिजन कार्यालय लाई सम्झनु पर्दछ ।

२.५)  "अनुगमन समिति" भन्नाले यस कार्यविधि अन्तर्गत गठित अनुगमन समितिलाई सम्झनु पर्दछ ।

२.६)  "सार्वजनिक परिक्षण" भन्नाले कार्यक्रम लागु भएका सामुदायिक वन का उपभोक्ता समुह र अनुगमन समितिका पदाधिकारीको उपस्थितिमा योजनाको आय व्ययको सुनुवाई तथा अनुमोदनलाई सम्झनु पर्दछ ।

२.७)  "सामुदायिक वन उपभोक्ता समुह वा छोटकरीमा सा.व.उ.स." भन्नाले साविकको जिल्ला वन कार्यालय तथा हाल वन ऐन तथा नियमावली बमोजिम सरकारी निकायमा दर्ता भई विधान र कार्ययोजना स्वीकृत सामुदायिक वन उपभोक्ता समुहलाई सम्झनुपर्दछ ।

२.८)  "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले योजना तथा कार्यक्रम कार्यान्वयन गर्न यसै कार्यविधि अनुसार गठित समितिलाई सम्झनु पर्दछ ।

२.९)  "वा.वि.व्य.वि.स." भन्नाले वातावरण, विपद् व्यवस्थापन विषयगत समितिलाई सम्झनुपर्दछ ।

२.१०)  आ.वि.वि.स. भन्नाले आर्थिक विकास विषयगत समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद -तीन

### कार्यक्रम

३.१)  सामुदायिक वन साझेदारी कार्यक्रमको लागी (आ.व. २०७६/७७ को लागि बाहेक) आगामी आ.व.को लागि चालु आ.व.को ज्येष्ठ मसान्त सम्म सा.व.उ.स.ले कार्यक्रमको प्रस्ताव उपभोक्ता भेला बाट अनुमोदन गरी विषयगत समितिमा पेश गरिसक्नु पर्नेछ । कार्यक्रमका प्रस्तावहरुमा भौतिक पुर्वाधार निर्माण तथा मर्मत योजना , विपन्न वर्ग आयआर्जन , तथा वनक्षेत्रको सन्तुलित विकास तथा नर्सरी निर्माण तथा व्यवस्थापन सम्बन्धि हुनुपर्नेछ ।

३.२)  विषयगत समितिले उक्त प्रस्तावको अध्ययन गरी प्रस्तावलाई बजेट सिमा निर्धारण समितिमा पेश गर्नुपर्नेछ । यसरी पेश गर्दा प्राप्त सबै प्रस्तावहरुलाई प्राथमिकता निर्धारण गरी सुचिवद्ध गरी पेश गर्नुपर्नेछ ।

३.३)  बजेट सिमा निर्धारण समितिले कार्यक्रमको लागि बजेट सिमा तोकी  बजेट तथा योजना तर्जुमा समितिमा पठाउनेछ ।

३.४)  बजेट तथा योजना तर्जुमा समितिले कार्यक्रमको लागि विनियोजन गर्ने बजेटको तर्जुमा गरी अनुमोदनको लागि गाउँ सभामा पेश गर्नेछ ।

३.५)  गाउँ सभाबाट अनुमोदित बजेट अनुसार कार्यपालिकाको बैठकले सा.व.उ.स.बाट प्राप्त प्रस्तावहरु मध्ये निर्धारित बजेट रकम अनुसार एकीकृत विकासको गुरुयोजना प्रक्षेपणलाई लक्षित गर्दै प्राथमिकताको आधारमा  उपयुक्त प्रस्तावलाई साझेदारीताको प्रतिशत निर्धारण गरी स्वीकृत गर्नेछ र गाउँकार्यपालिका कार्यालयले स्वीकृत कार्यक्रम प्रस्ताव अनुसार सम्बन्धित सा.व.उ.स. लाई स्वीकृत भएको १५ दिन भित्र पत्राचार गर्नेछ र सोको बोधार्थ सरकारी निकायमा पनि पठाउनु पर्नेछ ।

३.६)  यसमा जे जस्तो लेखिएको भयता पनि सा.व.उ.स.मा आयव्ययको पारदर्शीता नभएको जनगुनासो लिखित वा मौखिक रुपमा कार्यपालिका समक्ष आएको भएमा त्यस्तो सा.व.उ.स.को प्रस्ताव स्वीकृत हुनेछैन ।

## परिच्छेद - चार

## कार्यक्रमको योजना कार्यान्वयन

४.१)  कार्यक्रमको प्रस्ताव स्वीकृत सा.व.उ.समितिको बैठक बसि योजना कार्यान्वयन गर्ने निर्णय गरि सोको जानकारी गाउँकार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

४.२)  गाउँकार्यपालिकाको कार्यालयले भौतिक पुर्वाधारको योजना भएमा प्राविधिक शाखालाई लागत ईष्टिमेटको लागि खटाउनेछ , गरिवि निवारणको योजना भएमा आर्थिक विकास विषयगत समितिलाई योजना तथा कार्यकम कार्यान्वयन समितिको रुपमा गठन गरी कार्यक्रम अगाडि बढाउन अनुरोध गर्नेछ र वन विकासको योजना भएमा योजनाको लागत ईष्टिमेट तयार गरिदिन सरकारी निकायलाई अनुरोध गर्नेछ ।

४.३)  योजना तथा कार्यकमको लागत ईष्टिमेट तयार भएपछि कार्यकम कार्यान्वयन समितिले गाउँकार्यपालिकाको कार्यालयमा सम्झौता गरि सम्झौता अनुसारको समयमा कार्यकम सम्पन्न गर्नुपर्नेछ ।

४.४)  योजना तथा कार्यकम सम्पन्न भएपछि उक्त योजनाको प्राविधिक मुल्यांकन , अनुगमन समितिको अनुगमन प्रतिवेदन , विल भरपाई , सम्बन्धित वडा कार्यालयको सिफारिस ,सार्वजनिक परिक्षण प्रतिवेदन ,वन तथा वातावरण विपद व्यवस्थापन समितिको सिफारिस , योजना कार्यान्वयन समितिको निर्णय पेश हुन आएमा गाउँकार्यपालिकाको कार्यालयले योजनाको कन्टीन्जेन्सी र आर्थिक ऐन अनुसारको कर कट्टी गरी रकम भुक्तानी गर्नेछ । साथै वन विकासको योजना भएमा वन प्राविधिकलाई कामकाज अनुसारको भत्ता उपलब्ध गराउनेछ ।

४.५) योजना कार्यान्वयनमा साझेदारी गर्ने र अन्य सवै सामुदायिक वन उपभोक्ता समितिले  वाषिक कार्ययोजना,वार्षिक प्रतिवेदन तथा लेखा परीक्षण प्रतिवेदन अनिवार्य रुपमा गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । योजना कार्यान्वयनमा साझेदारी गर्ने वन उपभोक्ता समितिले कम्तिमा पचास प्रतिशत

लागत सहभागिता जनाउनुपर्नेछ । त्यसका लागि साझेदारी गर्ने समितिले  योजना सम्झौता पश्चात कार्यक्रम कार्यान्वयन समितिको खातामा नगद जम्मा गर्नुपर्नेछ ।

## परिच्छेद - पाँच

## कार्यक्रम अनुगमन तथा कार्यान्वयन समिति

५.१)  कार्यक्रम अनुगमन समिति देहाय वमोजिमको हुनेछ ।

संयोजक : गाउँपालिकाको अध्यक्ष

सदस्य : गाउँपालिकाको उपाध्यक्ष

सदस्य : वन तथा वा. वि. व्य.वि. स. संयोजक र गरिवि निवारण कार्यक्रम भए आ.वि.वि.स.संयोजक

सदस्य: सम्बन्धित वडाको वडाअध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य :  भौतिक पुर्वाधार योजना भएमा पुर्वाधार विकास विषयगत समितिको संयोजक र योजना शाखा प्रमुख ,गरिवि निवारण कार्यक्रममा कृषि भए कृषिशाखा प्रमुख तथा पशुपालन भए पशुसेवा शाखा प्रमुख र वन विकास कार्यक्रम भए सव डिभिजन कार्यालय प्रमुख

५.२)  कार्यक्रम कार्यान्वयन समिति देहाय बमोजिमको हुनेछ :

अध्यक्ष : एउटा मात्र सा.व.उ.स.को साझेदारी भएमा सोही सा.व.उ.स.को अध्यक्ष वा उपभोक्ता समितिले सिफारिश गरेको व्यक्ति र दुइ वा सो भन्दा बढी सा.व.उ.स.को साझेदारी भएमा सा.व.उ.स.का अध्यक्षहरुको सर्वसम्मति र सर्वसम्मत नभएमा गा.पा.अध्यक्षले तोकेको व्यक्ति ।

सदस्य : एउटा मात्र सा.व.को साझेदारी भएमा सा.व.उ.समिति बाट ४ (चार) जना र दुई वा सोभन्दा बढी सा.व.को साझेदारी भएमा प्रत्येक सा.व.को प्रतिनिधित्व हुने गरी बढीमा ८ जना सम्म हुन सक्नेछ ।

सदस्य : एउटा मात्र सा.व.को साझेदारी भएमा उपभोक्ताहरुबाट ४ (चार) जना र दुई वा सो भन्दा बढी सा.व.को साझेदारी भएमा उपभोक्ताको प्रतिनिधित्व अनिवार्य हुनेछैन ।

५.२.१)  माथि उल्लेखित वाहेकका कुरामा समितिको गठन,संचालन तथा व्यवस्थापन गाउँपालिकाको उपभोक्ता समितिको गठन,संचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि वमोजिम हुनेछ ।

## परिच्छेद - छ

विविध : संशोधन र खारेजी

यस कार्यविधिमा उल्लेखित व्यवस्था वमोजिम कुनै कुराले प्रचलित कानूनमा असर पार्ने वा कानूनको विपरित भएको ठहर भएमा कानून अनुसारको आवश्यक संशोधन वा खारेजी गाउँकार्यपालिका वैठकको निर्णयबाट गर्न सकिने छ ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत